# परिच्छेद - १

## गा.वि.स. को सङ्क्षिप्त परिचय

### १.१. ऐतिहासिक परिचय

सत्य युगमा सतीदेवीको पार्थिव शरीरलाई श्री महादेवले बोक्दै पृथ्वीमा भ्रमण गर्दा सतीदेवीको अंग पतन भई सोही ठाउँमा श्री सुवर्णेश्वर महादेव उत्पन्न भएको र सोही सुवर्णेश्वर महादेवलाई खुशी पार्न कर्कटनाग आई पूजा आराधना गरी तपस्या गर्न लागे र महादेव खुशी भई कर्कट नागलाई वरदान दिएको र वरदान प्राप्त भएपछि ज्यादै खुशी भई विश्रामका लागि कर्कट नाग लम्पसार परी सुतेको र पछि सो शरीर ढुङ्गामा परिणत भएकोले नागको आकारमा एउटै ढुङ्गाले गाउँ बनेको र यहाँ कुनै दैवीप्रकोप  तथा भुँइचालोले पनि कुनै असर नपार्ने हुँदा कर्कटनागले रक्षा गरेको जनविश्वास रहेको पाइन्छ । तसर्थ, यहाँ कृषि कार्यको लागि पनि काम गर्न पत्थरिलो पत्रे चट्टानले बनेको भू–बनौटको कारण कठीन हुने भएकोले कठीन भन्दा भन्दै पछि अपभ्रशं भई कटुन्जे नामाकरण रहेको हुनसक्ने  जनविश्वास छ। लिच्छविकालदेखि सूर्यविनायक जंगलमा धेरै कटुसका रुखहरु भएको र सुवर्णेश्वर महादेव स्थान भएको कारण सुवर्णपुर मौजा, सूर्यविनायक गणेश स्थानका कारण सूर्यविनायक कटुसग्राम भनिन्थ्यो र मल्लकाल हुँदै पछि आउँदा सुवर्णपुर मौजा सूर्यविनायक कटुसग्रामबाट कटुसग्राम भन्दा भन्दै पछि अपभ्रंश भई कटुन्जे मात्रै रहन गएको वयोबृद्धहरुको भनाई पाइन्छ । वि.सं. २०२१ सालको नाप नक्सा हुँदा पनि सुवर्णपुर मौजाका नाउँमा जग्गा नाप जाँच भएको पाईन्छ।

### १.२ भौगोलिक अवस्थिति

भक्तपुर जिल्लाको सदरमुकामबाट दक्षिणमा अवस्थित कटुन्जे गा.वि.स.को कुल क्षेत्रफल १२.५ वर्ग कि.मि. छ । यस गा.वि.स.को पूर्वमा सिपाडोल गा.वि.स, पश्चिममा दधिकोट गा.वि.स, उत्तरमा भक्तपुर नगरपालिका र दक्षिणमा गुन्डु गा.वि.स. पर्दछ । यस गा.वि.स.भित्र पहाडी र उपत्यका क्षेत्र रहेका छन् । यस गा.वि.स.का मुख्य नदीको रुपमा हनुमन्ते र घट्टेखोला रहेका छन् ।

### १.३ हावापानी

यस गा.वि.स.मा समशितोष्ण प्रकारका हावापानी पाईन्छ । यस गा.वि.स.को तापक्रम गृष्म ऋृतुमा अधिकतम ३८° सेल्सियस र हिउँदमा न्युनतम ३° सेल्सियस पुग्दछ । यस गा.वि.स.मा वर्षामा १,३५० मि.मि. सम्मको वर्षा हुने गर्दछ ।

## १.४  वन जङ्गल तथा वन्यजन्तु

यस गा.वि.स.मा बाँस, निगालो र उत्तिस लगायतका वनस्पतिहरु पाईन्छन् । स्याल, फ्याउरो, खरायो, लोखर्के र वनविरालो लगायतका वन्यजन्तुहरु पाईन्छन् । सराउ, काग, ढुकुर, गौंथली र भद्राइ लगायतका  पन्छीहरु पाइन्छन् ।

## १.५ प्रमुख चाड र जात्राहरु

यस गा.वि.स.का बासिन्दाहरु धेरैजसो हिन्दू धर्मावलम्बी भएको कारणले उनीहरुको चाडपर्व पनि हिन्दू संस्कारमा आधारित छ । विशेषत हिन्दूहरुको महान चाड दशैं, तिहार, माघेसङ्क्रान्ती, साउनेसङ्क्रान्ती, नागपञ्चमी, जनैपूर्णिमा, बाबुको मुख हेर्ने, आमाको मुख हेर्ने, तीज लगायतका चाडपर्वहरु यस गा.वि.स. मा मनाउने गरिन्छ । यस गा.वि.स.का केहि बासिन्दाहरु नेवारी समुदायका भएकाले उनीहरुका केहि विशेष चाडहरु म्ह पूजा लगायतका पर्वहरु मनाउने गर्दछन् ।

## १.६ भेषभूषा

यस गा.वि.स. मा परम्परागत पोशाकको रुपमा ब्राम्हण, क्षेत्री र दलित समुदायका महिलाहरुले चौबन्दी चोलो, फरिया र खास्टो लगाउँछन् भने नेवारी महिलाहरुले हाकुपटासी लगायतका मौलिक पहिरनहरु लगाउने गर्दछन् । त्यसै गरी पुरुषहरुले दौरासुरुवाल, इस्टकोट र भादगाउँले टोपी लगाउने गर्दछन् । शहरीकरण र आधुनिकीकरणका कारण अहिलेका नयाँ पुस्ताका युवा र युवतीहरु कुर्था सुरुवाल, प्यान्ट र टिसर्ट लगाउँछन् भने युवकहरु प्यान्ट, सर्ट र सुट लगायत जिन्सको पहिरनहरुको प्रयोग गर्ने गर्दछन् ।

## १.७ जाति, धर्म र भाषा

यस गा.वि.समा ब्राम्हण, क्षेत्री, नेवार, दमाइ, सार्की, लगायतका जातजातिको वसोवास रहेको छ । संख्यात्मक हिसावले हेर्दा नेवारी समुदायको वाहुल्यता रहेको छ । यस गा.वि.समा बस्ने अधिकांश मानिसहरुमा हिन्दू धर्मालम्वीहरु छन् । यस गा.वि.स.मा नेवार जातिहरुले नेवारी भाषा बोल्दछन् । यसरी सबै जातजातिले माध्यम भाषाको रुपमा नेपाली भाषा बोल्दछन् ।

## १.८ ऐतिहासिक महत्वका स्थलहरु

सूर्यविनायक गणेशस्थान क्षेत्र, सुवर्णेश्वर महादेवस्थान, श्री शुसिल भैरवस्थान र चुनदेवी मन्दिर यहाँका ऐतिहासिक महत्व राख्ने देवस्थलहरु हुन् ।

# जनसाङ्ख्यिक स्थिति

# परिच्छेद - २
## जनसाङ्ख्यिक स्थिति

### २.१ जनसङ्ख्याको अवस्था

कटुन्जे गा.वि.स. को कुल जनसङ्ख्या ७,६९१ मध्ये महिला ३, ८२२ र पुरुष ३ ,८६९ रहेको छ । जसमा महिलाको प्रतिशत ४९.६९ र पुरुषको प्रतिशत ५०.३१ रहेको छ । जनसङ्ख्याको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ ः

### २.१.१ गा.वि.स.को कुल जनसङ्ख्या

| लिङ्ग | कुल जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | 3,822 | 49.69 |
| पुरुष | 3,869 | 50.31 |
| जम्मा | 7,691 | 100 |



### २.१.२ वडागत जनसङ्ख्याको स्थिति

| वडा नं. | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| 1 | 406 | 453 | 859 | 11.17 |
| 2 | 307 | 330 | 637 | 8.28 |
| 3 | 300 | 291 | 591 | 7.68 |
| 4 | 324 | 327 | 651 | 8.46 |
| 5 | 311 | 274 | 585 | 7.61 |
| 6 | 441 | 463 | 904 | 11.75 |
| 7 | 188 | 181 | 369 | 4.80 |
| 8 | 1, 147 | 1, 163 | 2,310 | 30.04 |
| 9 | 398 | 387 | 785 | 10.21 |
| कुल जम्मा | 3,822 | 3,869 | 7,691 | 100 |

यस गा.वि.स. का ९ वडाहरु मध्ये सबै भन्दा बढी जनसङ्ख्या वडा नं ८ मा ३०.०४ प्रतिशत रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या वडा न ७ मा ४.८० प्रतिशत रहेको छ ।

### २.१.३ उमेरको आधारमा वडागत जनसङ्या विवरण

| वडा | उमेर (वर्ष) / लिङ्ग | ५ भन्दा मुनि | ६-१५ | १६-४४ | ४५-५९ | ६०-७५ | ७५ भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | महिला | 31 | 74 | 213 | 65 | 20 | 3 | 406 |
| | पुरुष | 33 | 104 | 232 | 54 | 25 | 5 | 453 |
| | जम्मा | ***64*** | ***178*** | ***445*** | ***119*** | ***45*** | ***8*** | ***859*** |
| २ | महिला | 14 | 63 | 178 | 36 | 9 | 7 | 307 |
| | पुरुष | 24 | 65 | 184 | 38 | 13 | 6 | 330 |
| | जम्मा | ***38*** | ***128*** | ***362*** | ***74*** | ***22*** | ***13*** | ***637*** |
| ३ | महिला | 11 | 55 | 174 | 29 | 22 | 9 | 300 |
| | पुरुष | 16 | 68 | 164 | 24 | 12 | 7 | 291 |
| | जम्मा | ***27*** | ***123*** | ***338*** | ***53*** | ***34*** | ***16*** | ***591*** |
| ४ | महिला | 27 | 53 | 170 | 41 | 23 | 10 | 324 |
| | पुरुष | 16 | 75 | 173 | 42 | 16 | 4 | 327 |
| | जम्मा | ***43*** | ***128*** | ***343*** | ***83*** | ***39*** | ***14*** | ***651*** |
| ५ | महिला | 16 | 69 | 166 | 30 | 25 | 5 | 311 |
| | पुरुष | 23 | 63 | 133 | 31 | 19 | 5 | 274 |

| वडा | उमेर (वर्ष) लिङ्ग | ५ भन्दा मुनि | ६-१५ | १६-४४ | ४५-५९ | ६०-७५ | ७५ भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ***39*** | ***132*** | ***299*** | ***61*** | ***44*** | ***10*** | ***585*** |
| ६ | महिला | 27 | 85 | 246 | 60 | 18 | 5 | 441 |
| | पुरुष | 19 | 106 | 263 | 57 | 12 | 6 | 463 |
| | जम्मा | ***46*** | ***191*** | ***509*** | ***117*** | ***30*** | ***11*** | ***904*** |
| ७ | महिला | 11 | 30 | 103 | 26 | 17 | 1 | 188 |
| | पुरुष | 8 | 47 | 91 | 23 | 10 | 2 | 181 |
| | जम्मा | ***19*** | ***77*** | ***194*** | ***49*** | ***27*** | ***3*** | ***369*** |
| ८ | महिला | 90 | 219 | 603 | 138 | 74 | 23 | 1147 |
| | पुरुष | 91 | 261 | 557 | 161 | 70 | 23 | 1163 |
| | जम्मा | ***181*** | ***480*** | ***1160*** | ***299*** | ***144*** | ***46*** | ***2310*** |
| ९ | महिला | 26 | 68 | 225 | 51 | 20 | 8 | 398 |
| | पुरुष | 38 | 61 | 210 | 47 | 21 | 10 | 387 |
| | जम्मा | ***64*** | ***129*** | ***435*** | ***98*** | ***41*** | ***18*** | ***785*** |
| | कुल जम्मा | ***521*** | ***1,566*** | ***4,085*** | ***953*** | ***426*** | ***139*** | ***7,691*** |

यस गा.वि.स.मा उमेरको आधारमा जनसङ्ख्यालाई हेर्दा सबैभन्दा बढी १६ देखि ४४ वर्षका ४,०८५ अर्थात ५३.११ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम जनसङ्ख्या ७५ वर्षभन्दा माथिका १३९ अर्थात १.८१ प्रतिशत रहेको देखिन्छ।

### २.१.४ वडागत आधारमा घरधुरी विवरण

| वडा नं. | घरधुरी | प्रतिशत |
|---|---|---|
| 1 | 160 | 11.73 |
| 2 | 104 | 7.62 |
| 3 | 111 | 8.14 |
| 4 | 128 | 9.38 |
| 5 | 93 | 6.82 |
| 6 | 176 | 12.90 |
| 7 | 83 | 6.09 |
| 8 | 374 | 27.42 |
| 9 | 135 | 9.90 |
| *कुल जम्मा* | ***1,364*** | ***100*** |

यस गा.वि.स. का ९ वडाहरु मध्ये सबै भन्दा बढी घरधुरी २७.४२ प्रतिशत वडा नं ८ मा रहेको छ भने सबैभन्दा कम घरधुरी ६.०९ प्रतिशत वडा नं. ७ मा रहेको छ ।

### २.१.५ वस्तीगत आधारमा जनसङ्ख्या विवरण

| वडा | क्र.स. | वस्ती | घरधुरी | लिङ्ग | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| 1 | 1 | नयाँ वस्ती | 55 | 129 | 137 | **266** |
| | 2 | बखुन्छे टोल | 29 | 73 | 89 | **162** |
| | 3 | गुभाजु टोल | 23 | 67 | 62 | **129** |
| | 4 | खिउँ टोल | 1 | 2 | 3 | **5** |
| | 5 | बासु टोल | 3 | 7 | 8 | **15** |
| | 6 | सृजनानगर (क) | 2 | 9 | 8 | **17** |
| | 7 | गोसाई | 3 | 8 | 8 | **16** |
| | 8 | कस्पाल | 2 | 5 | 6 | **11** |
| | 9 | भञ्याङ/पिपलडाँडा | 11 | 31 | 39 | **70** |
| | 10 | सुवर्णपुर | 4 | 10 | 17 | **27** |
| | 11 | सृजनानगर (ख) | 15 | 40 | 45 | **85** |

| वडा | क्र.स. | वस्ती | घरधुरी | लिङ्ग | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| | 12 | थापागाउँ | 12 | 25 | 31 | **56** |
| जम्मा | | | ***160*** | ***406*** | ***453*** | ***859*** |
| 2 | 1 | दर्शनढुङ्गा | 6 | 17 | 12 | **29** |
| | 2 | धाराटोल | 31 | 85 | 82 | **167** |
| | 3 | सुशिला भैरव स्थान | 8 | 33 | 34 | **67** |
| | 4 | तज टोल | 8 | 22 | 31 | **53** |
| | 5 | जोशी टोल | 37 | 118 | 130 | **248** |
| | 6 | बाँडाचौर | 11 | 23 | 33 | **56** |
| | 7 | चङ्खु | 1 | 4 | 3 | **7** |
| | 8 | सुवर्णपुर | 1 | 2 | 3 | **5** |
| | 9 | साउनेपानी | 1 | 3 | 2 | **5** |
| जम्मा | | | ***104*** | ***307*** | ***330*** | **637** |
| 3 | 1 | भैरवस्थान | 44 | 106 | 103 | **209** |
| | 2 | बाँडाचौर | 15 | 47 | 40 | **87** |
| | 3 | थापाटोल | 29 | 81 | 86 | **167** |
| | 4 | त्वायनाटोल | 14 | 42 | 38 | **80** |
| | 5 | कोलडाँडा | 6 | 14 | 15 | **29** |
| | 6 | डाँडाटोल | 2 | 7 | 6 | **13** |
| | 7 | भुजूटोल | 1 | 3 | 3 | **6** |
| जम्मा | | | ***111*** | ***300*** | ***291*** | **591** |
| 4 | 1 | चक्रपाणी | 1 | 5 | 2 | **7** |
| | 2 | भुच्चाटोल | 2 | 6 | 5 | **11** |
| | 3 | गुमाञ्जुटोल | 1 | 3 | 1 | **4** |
| | 4 | भञ्याङ | 3 | 5 | 5 | **10** |
| | 5 | उल्लेख नभएको | 121 | 305 | 314 | **619** |
| जम्मा | | | ***128*** | ***324*** | ***327*** | **651** |
| 5 | 1 | उल्लेख नभएको | 64 | 210 | 190 | **400** |
| | 2 | तिमिल्सिनाटोल | 1 | 1 | 2 | **3** |

| वडा | क्र.स. | वस्ती | घरधुरी | लिङ्ग | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| | 3 | तितजु | 2 | 5 | 6 | **11** |
| | 4 | तीनधारेटोल | *5* | 16 | 9 | **25** |
| | 5 | मानेटोल | 12 | 50 | 44 | **94** |
| | 6 | गुमान्जुटोल | 9 | 29 | 23 | **52** |
| | | **जम्मा** | ***93*** | ***311*** | ***274*** | **585** |
| 6 | 1 | चुनदेवी | 33 | 76 | 108 | **184** |
| | 2 | दुलाल टोल | 6 | 13 | 14 | **27** |
| | 3 | नमुना टोल | 6 | 16 | 16 | **32** |
| | 4 | तिमिल्सीना टोल | 10 | 28 | 28 | **56** |
| | 5 | किवाँछे टोल | 9 | 19 | 27 | **46** |
| | 6 | कुमालेको ढिकी | 17 | 12 | 29 | **41** |
| | 7 | थापा टोल | 3 | 12 | 9 | **21** |
| | 8 | सल्लाघारी | 13 | 31 | 29 | **60** |
| | 9 | वैद्य टोल | 2 | 7 | 9 | **16** |
| | 10 | लाखे टोल | 1 | 3 | 2 | **5** |
| | 11 | नयाँ वस्ती | 8 | 17 | 22 | **39** |
| | 12 | राउत टोल | 19 | 44 | 40 | **84** |
| | 13 | सुवर्णेश्वर टोल चोक | 43 | 153 | 117 | **270** |
| | 14 | उल्लेख नभएको | 6 | 14 | 13 | **27** |
| | | **जम्मा** | **176** | **445** | **463** | **908** |
| 7 | 1 | गौरी डोल | 83 | 188 | 181 | **369** |
| | | **जम्मा** | **83** | **188** | **181** | **369** |
| 8 | 1 | उल्लेख नभएको | 88 | 228 | 280 | **508** |
| | 2 | बनाचौर | 20 | 70 | 66 | **136** |
| | 3 | पाण्डुबजार | 101 | 315 | 319 | **634** |
| | 4 | चुनदेवी | 14 | 42 | 45 | **87** |
| | 5 | सुन्दरटोल | 69 | 206 | 210 | **416** |

| वडा | क्र.स. | वस्ती | घरधुरी | लिङ्ग | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| | 6 | सुर्यविनायक | 36 | 121 | 105 | **226** |
| | 7 | बलाकोटोल | 5 | 19 | 16 | **35** |
| | 8 | घलाटे | 22 | 83 | 71 | **154** |
| | 9 | कटुञ्जे | 18 | 57 | 48 | **105** |
| | 10 | सुगनेश्वर | 1 | 2 | 3 | **5** |
| | | जम्मा | ***374*** | ***1143*** | ***1163*** | **2306** |
| 9 | 1 | उल्लेख नभएको | 82 | 213 | 201 | **414** |
| | 2 | खिउँटोल | 20 | 67 | 75 | **142** |
| | 3 | वासुटोल | 16 | 50 | 56 | **106** |
| | 4 | कस्पाल टोल | 11 | 41 | 36 | **77** |
| | 5 | पालुवा बजार | 1 | 5 | 2 | **7** |
| | 6 | बनचौर | 1 | 8 | 4 | **12** |
| | 7 | भगवती वस्ती | 1 | 4 | 4 | **8** |
| | 8 | गुभान्जु टोल | 1 | 2 | 3 | **5** |
| | 9 | तीन धारे टोल | 1 | 2 | 3 | **5** |
| | 10 | चक्रपाणी मार्ग १ | 1 | 6 | 3 | **9** |
| | | जम्मा | **135** | **398** | **387** | **785** |
| | | *कुल जम्मा* | ***1,364*** | ***3,822*** | ***3,869*** | ***7,691*** |

## २.१.६ जात अनुसार वडागत घरधुरी विवरण

| जात / वडा | ब्राम्हण | क्षेत्री | जनजाति | | | दलित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | नेवार | तामाङ | अन्य | | |
| १ | 27 | 33 | 93 | 1 | 5 | 1 | ***160*** |
| २ | 34 | 15 | 47 | 0 | 1 | 7 | ***104*** |
| ३ | 30 | 30 | 16 | 0 | 0 | 35 | ***111*** |
| ४ | 36 | 53 | 39 | 0 | 0 | 0 | ***128*** |
| ५ | 29 | 10 | 52 | 0 | 1 | 1 | ***93*** |
| ६ | 44 | 43 | 74 | 2 | 2 | 11 | ***176*** |
| ७ | 3 | 9 | 7 | 0 | 64 | 0 | ***83*** |
| ८ | 38 | 98 | 213 | 7 | 17 | 1 | ***374*** |
| ९ | 16 | 22 | 83 | 2 | 11 | 1 | ***135*** |
| ***कुल जम्मा*** | ***257*** | ***310*** | ***624*** | ***12*** | ***93*** | ***57*** | ***1,364*** |




यस गा.वि.स.मा ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, दलित र अन्य जातिहरुको बसोबास रहेको छ । यी मध्ये सबैभन्दा बढी ४५.७५ प्रतिशत नेवारको बसोबास रहेको पाइन्छ भने बाँकी जातिहरुमा १८.८४ प्रतिशत ब्राम्हण, २२.७३ प्रतिशत क्षेत्री, ०.८८ प्रतिशत तामाङ, ४.१८ प्रतिशत दलित र ६.८२ प्रतिशत अन्य जातिहरुको बसोबास रहेको पाइन्छ ।

## २.१.७ धर्म अनुसार वडागत घरधुरी विवरण

| धर्म / वडा | हिन्दू | बौद्ध | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | 156 | 4 | 0 | ***160*** |
| २ | 103 | 0 | 1 | ***104*** |
| ३ | 111 | 0 | 0 | ***111*** |
| ४ | 128 | 0 | 0 | ***128*** |
| ५ | 92 | 1 | 0 | ***93*** |
| ६ | 172 | 2 | 2 | ***176*** |
| ७ | 82 | 1 | 0 | ***83*** |
| ८ | 350 | 18 | 6 | ***374*** |
| ९ | 122 | 4 | 9 | ***135*** |
| **जम्मा** | ***1,316*** | ***30*** | ***18*** | ***1,364*** |

यस गा.वि.स.मा हिन्दू, बौद्ध र अन्य धर्मावलम्बीहरुको बसोबास रहेको छ । यस मध्ये ९६.४८ प्रतिशत हिन्दू धर्मावलम्बीहरु छन् भने २.२ प्रतिशत बौद्ध धर्मावलम्बी र १३२ प्रतिशत अन्य धर्मावलम्बीहरु रहेका छन्।

## २.१.८ मुख्य पेसा अनुसार वडागत घर धुरी विवरण

| पेसा / वडा | कृषि | ब्यापार | सरकारी सेवा | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | 91 | 23 | 36 | 10 | 160 |
| २ | 57 | 9 | 29 | 9 | 104 |
| ३ | 66 | 14 | 25 | 6 | 111 |
| ४ | 33 | 7 | 55 | 33 | 128 |
| ५ | 51 | 3 | 22 | 17 | 93 |
| ६ | 61 | 40 | 49 | 26 | 176 |
| ७ | 13 | 28 | 15 | 27 | 83 |
| ८ | 123 | 114 | 65 | 72 | 374 |
| ९ | 55 | 23 | 27 | 30 | 135 |
| **जम्मा** | ***550*** | ***261*** | ***323*** | ***230*** | 1364 |

यस गा.वि.स.का बासिन्दाहरु कृषि, ब्यापार सरकारी सेवा र अन्य पेशामा संलग्न छन् । कृषि पेशामा सबैभन्दा बढी ४०.३२ प्रतिशत घरधुरी संलग्न रहेका छन् भने ब्यापारमा १९.१३ प्रतिशत, सरकारी सेवामा २३.६८ प्रतिशत र अन्य पेशामा १६.८६ प्रतिशत संलग्न रहेका छन् ।

## २.१.९ मातृ भाषा अनुसार वडागत घर धुरी विवरण

| मातृ भाषा / वडा | नेपाली | नेवारी | तामाङ | जम्मा |
|---|---|---|---|---|
| १ | 64 | 93 | 3 | 160 |
| २ | 75 | 29 | 0 | 104 |
| ३ | 98 | 13 | 0 | 111 |
| ४ | 98 | 30 | 0 | 128 |
| ५ | 40 | 52 | 1 | 93 |
| ६ | 130 | 42 | 4 | 176 |
| ७ | 76 | 7 | 0 | 83 |
| ८ | 256 | 104 | 14 | 374 |
| ९ | 98 | 37 | 0 | 135 |
| जम्मा | ***935*** | ***407*** | ***22*** | **1,364** |




यस गा.वि.स.मा रहेका घरधुरीहरु मध्ये ६८.५४ प्रतिशत घरधुरीले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्छन् भने २९.८४ प्रतिशत घरधुरीले नेवारी भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाइन्छ । त्यस्तै १.६१ प्रतिशत घरधुरीले तामाङ भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाइन्छ ।

# कृषि

# परिच्छेद - ३
# कृषि

## ३.१ कृषक समूहको विवरण

| क्र.स. | कृषक समूह | ठेगाना | सदस्य संख्या | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १. | कटुञ्जे मिश्रित समूह | कटुञ्जे - ८ | २५ | | २५ |
| २. | कटुञ्जे कृषक समूह | कटुञ्जे - ८ | १५ | | १५ |
| ३. | सुवर्णस्वर महिला कृषक समूह | कटुञ्जे - ६ | | ३३ | ३३ |
| ४. | कटुञ्जे राजकुलो कृषक समूह | कटुञ्जे - २ | १५ | | १५ |
| ५. | तरकारी खेती कृषक समूह | कटुञ्जे - ३ | २५ | | २५ |
| ६. | वासुकी कृषक महिला समूह | कटुञ्जे - ८ | | २६ | २६ |
| ७. | सुवर्णपुर महिला समूह | कटुञ्जे - ६ | | २५ | २५ |
| ८. | गणेश कृषक महिला समूह | कटुञ्जे - १ | | ३१ | ३१ |
| ९. | श्री कृष्ण कृषक महिला समूह | कटुञ्जे - ४ | | ३४ | ३४ |
| १०. | श्री कुशिला भैरव कृषक महिला समूह | कटुञ्जे - २/३ | | २५ | २५ |
| ११. | मोहन विनायक कृषिक समूह | कटुञ्जे - २ | | २६ | २६ |

## ३.२ पशुपंक्षीको विवरण

| वडा | पशु | | | | | पंक्षी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गाई/गोरु | भैंसी/राँगा | खसी/बाख्रा | अन्य | जम्मा | कुखुरा | हाँस | अन्य | जम्मा |
| १ | 38 | 3 | 74 | 7 | **122** | 523 | 50 | 0 | **573** |
| २ | 45 | 20 | 83 | 10 | **158** | 75 | 30 | 5 | **110** |
| ३ | 55 | 15 | 127 | 9 | **206** | 441 | 10 | 10 | **461** |
| ४ | 79 | 10 | 86 | 10 | **185** | 875 | 5 | 5 | **885** |
| ५ | 53 | 22 | 90 | 10 | **175** | 2350 | 5 | 10 | **2365** |
| ६ | 65 | 7 | 109 | 15 | **196** | 243 | 5 | 20 | **268** |
| ७ | 45 | 10 | 104 | 15 | **174** | 100 | 10 | 10 | **120** |
| ८ | 100 | 23 | 70 | 42 | **235** | 398 | 26 | 28 | **452** |
| ९ | 22 | 2 | 47 | 0 | **71** | 55 | 9 | 0 | **64** |
| जम्मा | ***502*** | ***112*** | ***790*** | ***118*** | ***1,522*** | ***5,060*** | ***150*** | ***88*** | ***5,298*** |

## ३.३ भू-स्वामित्वको आधारमा घर धुरी विवरण

| जग्गाको विवरण / वडा | भुमिहिन | ३ रोपनी सम्म | ३-१० रोपनी | ११-२० रोपनी | २०-३० रोपनी | ३० रोपनी भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | 13 | 119 | 28 | 0 | 0 | 0 | 160 |
| २ | 2 | 82 | 20 | 0 | 0 | 0 | 104 |
| ३ | 10 | 87 | 14 | 0 | 0 | 0 | 111 |
| ४ | 7 | 89 | 32 | 0 | 0 | 0 | 128 |
| ५ | 8 | 55 | 30 | 0 | 0 | 0 | 93 |
| ६ | 14 | 130 | 25 | 7 | 0 | 0 | 176 |
| ७ | 7 | 74 | 2 | 0 | 0 | 0 | 83 |
| ८ | 141 | 192 | 33 | 5 | 2 | 1 | 374 |
| ९ | 84 | 51 | 0 | 0 | 0 | 0 | 135 |
| **जम्मा** | ***286*** | ***879*** | ***184*** | ***12*** | ***2*** | ***1*** | ***1,364*** |




यस गा.वि.स.मा रहेका घरधुरीहरु मध्ये ३ देखि १० रोपनी जग्गा हुने १३.४९ प्रतिशत छन् भने ३ रोपनीसम्म हुने ६४.४४ प्रतिशत, ११ देखि २० रोपनी जग्गा हुने ०.८८ प्रतिशत, २० देखि ३० रोपनी जग्गा हुने ०.१५ प्रतिशत, ३० रोपनी भन्दा माथि जग्गा हुने ०.०२ प्रतिशत छन् । यसै गरी भूमिहिन किसान २०.९७ प्रतिशत रहेका छन् ।

## ३.४ खाद्यान्न आपूर्तीको आधारमा घरधुरी विवरण

| वडा \ महिना | ३ भन्दा कम | ३-६ | ७-९ | १०-१२ | १२ भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 20 | 30 | 14 | 30 | 66 | 160 |
| २ | 15 | 18 | 7 | 59 | 5 | 104 |
| ३ | 30 | 60 | 7 | 11 | 3 | 111 |
| ४ | 2 | 4 | 11 | 109 | 2 | 128 |
| ५ | 12 | 17 | 13 | 50 | 1 | 93 |
| ६ | 85 | 18 | 15 | 26 | 32 | 176 |
| ७ | 11 | 18 | 12 | 34 | 8 | 83 |
| ८ | 84 | 56 | 44 | 128 | 62 | 374 |
| ९ | 0 | 0 | 0 | 1 | 134 | 135 |
| जम्मा | ***259*** | ***221*** | ***123*** | ***448*** | ***313*** | ***1,364*** |




यस गा.वि.स.मा रहेका १३६४ घरधुरीहरु मध्ये २२.९५ प्रतिशतलाई १ वर्षभन्दा बढी खाद्यान्न आपूर्ती हुन्छ भने ३२.८४ प्रतिशत घरधुरीलाई १० देखि १२ महिना, ९.०२ प्रतिशत घरधुरीलाई ७ देखि ९ महिना, १६.२ प्रतिशत घरधुरीलाई ३ देखि ६ महिना, १८.९९ प्रतिशत घरधुरीलाई ३ महिला भन्दा कम खाद्यान्न आपूर्तीको अवस्था रहेको देखिन्छ ।

## ३.५ साना समूह र सहकारी संस्थाहरुको विवरण

| क्र.सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| १. | कोटदेवी वचत तथा ऋण सहकारी संस्था लि. | कटुञ्जे-८ |
| २. | पिपल वचत तथा ऋण सहकारी संस्था लि. | कटुञ्जे-८ |
| ३. | अजिमा महिला वचत तथा ऋण सहकारी संस्था लि. | कटुञ्जे-८ |
| ४. | सूर्यविनायक बहुउद्देश्यीय सहकारी संस्था लि. | कटुञ्जे-८ |
| ५. | वासुकी महिला विकाश बहुउद्देश्यीय सहकारी संस्था लि. | कटुञ्जे-८ |
| ६. | श्री कृष्ण कृषक महिला समूह बहुउद्देश्यीय सहकारी संस्था लि. | कटुञ्जे-८ |
| ७. | मुना फलफूल तथा तरकारी सहकारी संस्था लि. | कटुञ्जे-६ |
| ८. | जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ लि. | कटुञ्जे-८ |
| ९. | जिल्ला वचत तथा ऋण सहकारी संस्था लि. | कटुञ्जे-८ |

# भौतिक पुर्वाधार

# परिच्छेद - ४
# भौतिक पूर्वाधार

## ४.१ सवारी साधनको स्थिति

| सवारी साधन / वडा | बस/ट्रक | साना गाडी | मोटरसाइकल | साइकल |
|---|---|---|---|---|
| १ | 3 | 5 | 67 | 35 |
| २ | 3 | 0 | 28 | 37 |
| ३ | 1 | 1 | 23 | 9 |
| ४ | 1 | 0 | 37 | 17 |
| ५ | 0 | 1 | 34 | 12 |
| ६ | 2 | 3 | 47 | 23 |
| ७ | 0 | 0 | 8 | 10 |
| ८ | 11 | 13 | 112 | 60 |
| ९ | 3 | 10 | 56 | 20 |
| **जम्मा** | ***24*** | ***33*** | ***412*** | ***223*** |



## ४.२ खानेपानी आपूर्तीको आधारमा घरधुरी विवरण

| स्रोत / वडा | कुवा | ढुङ्गेधारा | पाइप धारा | इनार/ट्युवेल | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 10 | 10 | 110 | 25 | 5 | 160 |
| २ | 1 | 1 | 100 | 2 | 0 | 104 |
| ३ | 1 | 0 | 108 | 2 | 0 | 111 |
| ४ | 0 | 0 | 123 | 0 | 5 | 128 |
| ५ | 1 | 8 | 83 | 1 | 0 | 93 |
| ६ | 5 | 71 | 76 | 19 | 5 | 176 |
| ७ | 3 | 24 | 51 | 5 | 0 | 83 |
| ८ | 12 | 73 | 254 | 30 | 5 | 374 |
| ९ | 0 | 0 | 135 | 0 | 0 | 135 |
| जम्मा | *33* | *187* | *1,040* | *84* | *20* | *1,364* |

यस गा.वि.स.मा पानीको प्रयोगको अवस्था हेर्दा ७६.२५ प्रतिशत घरधुरीमा पाइपधाराबाट खानेपानी वितरण भएको, १३.७१ प्रतिशत घरधुरीमा ढुङ्गेधाराको पानी प्रयोग गरिएको, २.४२ प्रतिशत घरधुरीमा कुवाको पानी प्रयोग गरिएको ६.१६ प्रतिशत घरधुरीमा इनारको पानी प्रयोग गरिएको र १.४७ प्रतिशत घरधुरीमा स्रोत खुल्न नसकेको देखिन्छ ।

## ४.३ इन्धन प्रयोगको आधारमा घरधुरी विवरण

| स्रोत / वडा | विद्युत | ग्याँस | मट्टितेल | दाउरा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 0 | 103 | 13 | 44 | 0 | 160 |
| २ | 0 | 56 | 0 | 45 | 3 | 104 |
| ३ | 0 | 30 | 0 | 39 | 42 | 111 |
| ४ | 0 | 18 | 13 | 89 | 8 | 128 |
| ५ | 5 | 42 | 5 | 34 | 7 | 93 |
| ६ | 55 | 65 | 10 | 34 | 12 | 176 |
| ७ | 0 | 9 | 4 | 67 | 3 | 83 |
| ८ | 1 | 277 | 12 | 73 | 11 | 374 |
| ९ | 0 | 101 | 0 | 31 | 3 | 135 |
| जम्मा | *61* | *701* | *57* | *456* | *89* | **1,364** |

यस गा.वि.स.मा रहेका जम्मा १३६४ घरधुरीमध्ये इन्धनको रुपमा सबैभन्दा धेरै ३३.४३ प्रतिशत दाउराको प्रयोग भएको पाइन्छ भने मट्टितेलको प्रयोग ४.१८ प्रतिशत, ग्यासको प्रयोग ५१.३९ प्रतिशत, विद्युतको प्रयोग ४.४७ प्रतिशत र अन्य इन्धनको स्रोतको प्रयोग गर्ने ६.५२ प्रतिशत घरधुरी सङ्ख्या यस गा.वि.स.मा रहेको छ । यसरी हेर्दा प्रायशः सबै घरधुरीहरुमा ग्याँसको प्रयोग अत्याधिक देखिन्छ र मट्टितेलको प्रयोग न्यून रुपमा रहेको देखिन्छ ।

## ४.४ सूचना तथा सञ्चार साधनको प्रयोगको स्थिति

| साधन / वडा | रेडियो | टेलिभिजन | टेलिफोन | मोबाइल | कम्प्युटर |
|---|---|---|---|---|---|
| १ | 146 | 146 | 108 | 95 | 15 |
| २ | 103 | 103 | 59 | 66 | 7 |
| ३ | 99 | 107 | 52 | 66 | 5 |
| ४ | 121 | 124 | 75 | 78 | 14 |
| ५ | 160 | 155 | 107 | 108 | 11 |
| ६ | 160 | 155 | 107 | 108 | 11 |
| ७ | 73 | 72 | 17 | 18 | 1 |
| ८ | 334 | 357 | 281 | 261 | 47 |
| ९ | 133 | 134 | 97 | 89 | 5 |
| जम्मा | *1329* | *1353* | *903* | *889* | 116 |



माथिको तालिकाबाट यो स्पष्ट हुन्छ की यस गा.वि.स. भित्रका रहेका सूचना तथा सञ्चारका साधानहरु मध्ये सबैभन्दा धेरै प्रयोग टेलिभिजनको र सबैभन्दा कम प्रयोग कम्प्युटरको रहेको देखिन्छ । टेलिभिजनको सङ्ख्या जम्मा ११६ रहेको छ भने मोबाइलको सङ्ख्या ८८८ रहेको छ ।

## ४.५ घरको छानाको किसिमको आधारमा घरधुरी विवरण

| छानाको अवस्था / वडा | खर/छवाली | जस्तापाता | टायल | ढलान | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 2 | 14 | 12 | 130 | 2 | 160 |
| २ | 5 | 35 | 10 | 51 | 3 | 104 |
| ३ | 5 | 50 | 23 | 33 | 0 | 111 |
| ४ | 2 | 55 | 20 | 51 | 0 | 128 |
| ५ | 1 | 36 | 19 | 37 | 0 | 93 |
| ६ | 7 | 37 | 11 | 112 | 9 | 176 |
| ७ | 5 | 58 | 2 | 18 | 0 | 83 |
| ८ | 4 | 52 | 9 | 305 | 4 | 374 |
| ९ | 1 | 17 | 11 | 106 | 0 | 135 |
| जम्मा | ***32*** | ***354*** | ***117*** | ***843*** | ***18*** | **1,364** |

यस गा.वि.स.मा रहेका १,३६४ घरधुरीहरु मध्ये छानाको अवस्था र किसिमको अध्ययन गर्दा खर/छ्वालीको छाना भएका २.३५ प्रतिशत, जस्तापाताको छाना भएका घरधुरी २५.९५ प्रतिशत, टायलको छाना भएको घरधुरी ८.५८ प्रतिशत, ढलान भएका घरधुरी ६१.८० प्रतिशत र अन्य छाना भएका घरधुरी १.३२ प्रतिशत रहेको छ । अधिकांश घरधुरीहरुमा जस्तापाता छाना प्रयोग भएको पाइन्छ ।

## ४.६ घरमा बत्तिको प्रमुख स्रोतको आधारमा घरधुरी विवरण

| बत्तिको स्रोत / वडा | राष्ट्रिय प्रसारण लाईनको बिजुली | मट्टितेल | सोलार | गोवर ग्याँस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 153 | 5 | 0 | 2 | 0 | 160 |
| २ | 103 | 0 | 0 | 0 | 1 | 104 |
| ३ | 108 | 3 | 0 | 0 | 0 | 111 |
| ४ | 128 | 0 | 0 | 0 | 0 | 128 |
| ५ | 93 | 0 | 0 | 0 | 0 | 93 |
| ६ | 170 | 0 | 0 | 0 | 6 | 176 |
| ७ | 83 | 0 | 0 | 0 | 0 | 83 |

| वडा \ बत्तिको स्रोत | राष्ट्रिय प्रसारण लाईनको बिजुली | मट्टितेल | सोलार | गोवर ग्याँस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ८ | 367 | 2 | 0 | 9 | 5 | 374 |
| ९ | 135 | 0 | 0 | 0 | 0 | 135 |
| ***जम्मा*** | ***1,337*** | ***10*** | ***0*** | ***11*** | ***12*** | ***1,364*** |

यस गा.वि.स.मा बत्तीको प्रमेख स्रोतको रुपमा राष्ट्रिय प्रसारण लाईनको बिजुली रहेको छ । ९८.०२ प्रतिशत घरधुरीले बत्तीको स्रोतको रुपमा बिजुलीको प्रयोग गरेका छन् भने ०.७३ प्रतिशत घरधुरीले मट्टितेलको प्रयोग गरेका छन् । सोलारको प्रयोग गर्ने घरधुरी नभएको देखिन्छ । ०.८१ प्रतिशत अर्थात ११ घरधुरीले मात्र बत्तीको स्रौतको रुपमा गोबर ग्यासको प्रयोग गरेको देखिन्छ । यी बाहेक अन्य स्रोतलाई बत्तीको रुपमा प्रयोग गर्ने घरधुरी ०.८८ प्रतिशत रहेको छ।

# वन, उद्योग र व्यवसाय

# परिच्छेद - ५
# वन, उद्योग र व्यवसाय

## ५.१ प्राविधिक तालिमको स्थिति

| वडा | लिङ्ग | कम्प्युटर | सिलाई बुनाइ | प्लम्बिङ | पशु तथा कृषि | अन्य |
|---|---|---|---|---|---|---|
| १ | महिला | 19 | 12 | 0 | 0 | 0 |
| | पुरुष | 42 | 3 | 5 | 0 | 0 |
| २ | महिला | 16 | 27 | 3 | 0 | 2 |
| | पुरुष | 25 | 3 | 2 | 3 | 3 |
| ३ | महिला | 22 | 21 | 0 | 6 | 10 |
| | पुरुष | 24 | 0 | 4 | 4 | 5 |
| ४ | महिला | 0 | 2 | 0 | 0 | 3 |
| | पुरुष | 1 | 0 | 3 | 0 | 0 |
| ५ | महिला | 8 | 8 | 0 | 2 | 0 |
| | पुरुष | 9 | 0 | 0 | 0 | 0 |
| ६ | महिला | 43 | 39 | 4 | 5 | 6 |
| | पुरुष | 55 | 0 | 9 | 6 | 6 |
| ७ | महिला | 2 | 13 | 0 | 0 | 5 |
| | पुरुष | 8 | 0 | 0 | 0 | 6 |
| ८ | महिला | 94 | 90 | 0 | 7 | 5 |
| | पुरुष | 134 | 9 | 11 | 62 | 0 |
| ९ | महिला | 41 | 23 | 2 | 0 | 3 |
| | पुरुष | 49 | 3 | 5 | 0 | 2 |
| | जम्मा | ***592*** | ***138*** | ***48*** | ***95*** | ***56*** |

यस गा.वि.स.को कूल जनसङ्ख्या ७६९१ मध्ये ९२९ जना मात्र तालिम प्राप्त जनशक्ति रहेको देखिन्छ । यी जनशक्ति मध्ये कम्प्युटरमा ७.७ प्रतिशत, सिलाइबुनाइमा १.७९ प्रतिशत, प्लम्बिङमा ०.६२ प्रतिशत, पशु तथा कृषिमा १.२४ प्रतिशत र अन्य तालिममा ०.७३ प्रतिशत रहेको देखिन्छ । प्रस्तुत तालिकाबाट यस गा.वि.स.मा तालिम प्राप्त जनशक्ति एकदम न्यून रहेको देखिन्छ ।

# शैक्षिक स्थिति

# परिच्छेद - ६
# शैक्षिक स्थिति

## ६.१ शैक्षिक संस्थामा कुल भर्ना सङ्ख्या

| क्र.सं | तह | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | प्राथमिक | 636 | 533 | 1169 |
| २ | निम्न माध्यमिक | 206 | 152 | 358 |
| ३ | माध्यमिक | 99 | 56 | 155 |
| | कुल जम्मा | ***941*** | ***741*** | ***1,682*** |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, भक्तपुर, २०६२*

यस गा.वि.स.मा रहेका शैक्षिक संस्थाहरुमा भर्ना सङ्ख्या तुलनात्मक रुपमा प्राथमिक तहमा उच्च रहेको छ भने निम्न माध्यमिक र माध्यमिक तहमा क्रमशः घट्दै गएको छ । कुल भर्ना सङ्ख्यामा छात्र ४९.८८ प्रतिशत र छात्रा ५०.११ प्रतिशत रहेको छ । छात्र र छात्राको भर्ना दरमा ठूलो अन्तर नभएको देखिन्छ ।

## ६.२ प्राथमिक तहको जातिगत भर्ना दर

| छात्र | | | | छात्रा | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| दलित | जनजाति | अन्य | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | |
| 50 | 210 | 376 | 636 | 54 | 176 | 303 | 533 | 1,169 |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, भक्तपुर, २०६२*



## ६.३ विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | विद्यालय रहेको स्थान |
|---|---|---|
| १. | महेन्द्र नि.मा.वि. | वडा.नं.१–दर्शनढु |
| २. | सुवर्णेश्वर प्रा.लि. | वडा.न. ७–वनाचौर |
| ३. | शुसिला भैरव प्रा.वि. | वडा .न. ३ भैरवस्थान |
| ४. | ओम आवासीय मा.वि . | वडा .न. १ पिपलडाँडा |
| ५. | शान्ति निकेतन मा.वि. | वडा न. ६ चुनदेवी |
| ६ | माउण्ट एभरेष्ट उच्च मा.वि . | वडा न. ७ बैकुण्ठ घला ते |
| ७ | भक्तपुर एजुकेशन प्रा.लि. | वडा न. ८ सुन्दरवाली |
| ८ | ज्योती ज्ञान मन्दिर | वडा न. ८ सुन्दरवाली |
| ९ | ब्राइटर लाइन ई.स्कुल | वडा.न. ६ |
| १० | सिद्धार्थ बोर्डिङ स्कुल | वडा न. ९ सल्लाघारी |
| ११ | सेन्ट जोन्स | वडा न. ९ बस्नेत उकालो |
| १२ | प्याराडाइज कटुन्जे ई. स्कुल | वडा न. ९ ख्युटोल |
| १३ | यूनिक इन्टरनेशन स्कुल | वडा न. १ दर्शनढुङ्गा |
| १४ | सूर्यदीप ई . स्कुल | वडा न. ६ सुवर्णेश्वर |
| १५ | ज्ञानभुमी ई. स्कुल | वडा .न. ३ कोलडाँडा |
| १६ | लालीगुँरास ई. स्कुल | वडा न. ८ काप्राबोट |

# स्वास्थ्य स्थिति

# परिच्छेद - ७
# स्वास्थ्य स्थिति

यस गा.वि.स.को स्वास्थ्य स्थिति हेर्दा समग्रमा सामान्य देखिन्छ । उपचार विधिको प्रयोग गर्ने प्रवृत्ति देखि लिएर त्यहाँका मानिसमा लाग्ने सामान्य रोगको अवस्था तथा दीर्घ रोगको अवस्था एवम् परिवार नियोजनाको साधनको प्रयोग गर्ने सङ्ख्या लगायतका अन्य जनस्वास्थ्यको विवरण तलको तालिकाहरुबाट देखाइएको छ ।

## ७.१ सामान्य रोगको अवस्था जनसङ्ख्याको आधारमा

| रोग / वडा | रुघाखोकी | निमोनिया | ज्वरो | आँउ/झाडापखाला | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 150 | 0 | 126 | 5 | 0 | 281 |
| २ | 90 | 3 | 70 | 10 | 0 | 173 |
| ३ | 100 | 6 | 19 | 6 | 0 | 131 |
| ४ | 118 | 2 | 5 | 0 | 0 | 125 |
| ५ | 93 | 5 | 93 | 93 | 3 | 287 |
| ६ | 170 | 40 | 100 | 105 | 50 | 465 |
| ७ | 83 | 0 | 83 | 83 | 0 | 249 |
| ८ | 284 | 17 | 198 | 85 | 13 | 597 |
| ९ | 40 | 10 | 40 | 40 | 5 | 135 |
| जम्मा | ***1,128*** | ***83*** | ***734*** | ***427*** | ***71*** | **2,443** |



## ७.२ दीर्घ रोगको अवस्था

| रोग / वडा | मधुमेह | क्यान्सर | क्षयरोग | एड्स | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 0 | 0 | 0 | 0 | 5 | 5 |
| २ | 6 | 0 | 0 | 0 | 3 | 9 |
| ३ | 0 | 0 | 0 | 0 | 23 | 23 |
| ४ | 0 | 0 | 0 | 0 | 10 | 10 |
| ५ | 2 | 0 | 0 | 0 | 12 | 14 |
| ६ | 0 | 0 | 0 | 0 | 50 | 50 |
| ७ | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ८ | 11 | 0 | 4 | 0 | 56 | 71 |
| ९ | 0 | 0 | 0 | 0 | 10 | 10 |
| जम्मा | ***19*** | ***0*** | ***4*** | ***0*** | ***169*** | **192** |



## ७.३ परिवार नियोजनको साधन प्रयोगको अवस्था

| प्रयोगको अवस्था / वडा | प्रयोग गर्ने | प्रयोग नगर्ने | जम्मा |
|---|---|---|---|
| १ | 112 | 48 | 160 |
| २ | 84 | 20 | 104 |
| ३ | 90 | 21 | 111 |
| ४ | 88 | 40 | 128 |
| ५ | 68 | 25 | 93 |
| ६ | 77 | 99 | 176 |
| ७ | 58 | 25 | 83 |
| ८ | 264 | 110 | 374 |
| ९ | 70 | 65 | 135 |
| जम्मा | ***911*** | ***453*** | ***1,364*** |



## ७.४ स्थायी बन्ध्याकरण  गर्नेको अवस्था

| लिङ्ग / वडा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | 38 | 10 | 48 |
| २ | 49 | 55 | 104 |
| ३ | 37 | 53 | 90 |
| ४ | 39 | 32 | 71 |
| ५ | 35 | 10 | 45 |
| ६ | 23 | 28 | 51 |
| ७ | 30 | 28 | 58 |
| ८ | 155 | 78 | 233 |
| ९ | 40 | 15 | 55 |
| **जम्मा** | ***446*** | ***309*** | ***755*** |

## ७.५ आधारभूत खोपको अवस्था

| खोप / वडा | बि.सि.जी. | डि.पि.टी | पोलियो | दादुरा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | 56 | 50 | 50 | 136 | 0 | 292 |
| २ | 97 | 99 | 96 | 90 | 0 | 382 |
| ३ | 111 | 111 | 111 | 111 | 0 | 444 |
| ४ | 101 | 101 | 101 | 101 | 0 | 404 |
| ५ | 93 | 93 | 93 | 93 | 0 | 372 |
| ६ | 116 | 70 | 70 | 116 | 0 | 372 |
| ७ | 83 | 83 | 83 | 83 | 0 | 332 |
| ८ | 286 | 284 | 287 | 285 | 23 | 1165 |
| ९ | 25 | 25 | 25 | 25 | 35 | 135 |
| **जम्मा** | ***968*** | ***916*** | ***916*** | ***1,040*** | ***58*** | **3,898** |




## ७.६ शौचालय प्रयोगको आधारमा घरधुरी विवरण

| वडा \ शौचालयको अवस्था | स्थायी | अस्थायी | नभएको | जम्मा |
|---|---|---|---|---|
| १ | 105 | 40 | 15 | 160 |
| २ | 87 | 17 | 0 | 104 |
| ३ | 97 | 8 | 6 | 111 |
| ४ | 110 | 18 | 0 | 128 |
| ५ | 70 | 23 | 0 | 93 |
| ६ | 156 | 18 | 2 | 176 |
| ७ | 56 | 27 | 0 | 83 |
| ८ | 320 | 44 | 10 | 374 |
| ९ | 135 | 0 | 0 | 135 |
| जम्मा | *1136* | *195* | *33* | 1,364 |


शौचालय प्रयोगको आधारमा घरधुरी विवरण
1136
195
33
1500
1000
500
0
स्थायी
अस्थायी
नभएको

# गा.वि.स. को भौतिक अवस्था

# परिच्छेद - ८

## गा.वि.स. को भौतिक अवस्था

### ८.१ गा.वि.स.को २०५९ देखि हालसम्मको आय-व्यय विवरण :

| क्र.सं. | आ.व. | आय | व्यय |
|---|---|---|---|
| १ | ०५९/६० | १३८२९३४१४ | १३८२९३४१४ |
| २ | ०६०/६१ | २२०४९८८५२ | २२०४९८८५२ |
| ३ | ०६१/६२ | ३४९०२१४८९ | ३४९०२१४८९ |



## ८.२ विगत ३ वर्ष देखिको पञ्जिकरणको विवरण

| क्र.सं. | विवरण | गत ३ वर्ष देखिको पञ्जिकरणको सङ्ख्या | | |
|---|---|---|---|---|
| | | २०६० | २०६१ | २०६२ |
| १. | जन्म दर्ता | 282 | 380 | 349 |
| २. | मृत्यु दर्ता | 32 | 50 | 64 |
| ३. | सम्बन्ध बिच्छेद | 0 | 0 | 0 |
| ४. | बसाईसराई | 25 | 24 | 28 |
| ५. | विवाह दर्ता | 98 | 127 | 131 |



## ८.३ जेष्ठ नागरिक तथा एकल महिलाहरुको विवरण

| क्र.सं. | विवरण | जेष्ठ नागरिक तथा एकल महिलाहरुको संख्या |
|---|---|---|
| | | २०६३ |
| १. | जेष्ठ नागरिक | 80 |
| १.१ | महिला | 42 |
| १.२ | पुरुष | 38 |
| २. | एकल महिला | 98 |

## ८.४ २०५४ साल देखि २०५९ सम्मका जनप्रतिनिधिहरुको विवरण

| क्र.सं. | जनप्रतिनिधिहरुको नाम | पद | कार्य काल |
|---|---|---|---|
| १ | रामेश्वरप्रसाद ढुंगेल | अध्यक्ष | २०५४–५८ |
| २ | श्रीकृष्ण बासु | उपाध्यक्ष | २०५४–५८ |

# सम्भावना र अवसरहरु

# परिच्छेद - ९

## सम्भावना र अवसरहरु

### ९.१ प्रमुख सम्भावना तथा अवसरहरुको विश्लेषण तालिका

#### ९.१.१ आर्थिक विकास

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| १. प्रारङ्गारिक खेतीको राम्रो सम्भावना | - व्यवसायिक रुपमा खेती गर्न सकिने | - हिउँदे, बर्षे तरकारी, फलफुल र बेमौसमी तरकारी |
| २. छरिएर रहेका पानीका स्रोतहरुको उपयोग गर्न सके कृषिको उत्पादन र उत्पादकत्व वृद्धि हुने । | - खानेपानी, सिंचाइ, घरायसी प्रयोग | - फूल बनाउने<br>- वर्षादको पानी जम्मा गर्ने<br>- वोरिङ गरेर पानी तान्ने<br>- पोखरी निर्माण गर्ने<br>- अलैची, चिया जस्ता विरुवाको क्षमता वृद्धि गर्ने खेतीपाती बढाउने ।<br>- फोहोरमैलाबाट प्रदुषित खोलानालाको संरक्षण गर्ने |
| ३. उर्वर भुमि रहेकोले कृषिको उत्पादकत्व उच्च रहेको | - तरकारी र खाद्यान्न बालीको व्यवसयिक उत्पादन | - आलु |
| ४. पर्यटनको गन्तब्य स्थलको रुपमा रहेको । | - स्थानीय रोजगारी र पर्यटन ब्यवसाय प्रवर्द्धन | - नाचगान/सांस्कृतिक कार्यक्रम, कला, उपहार, हस्तकला, होटल, ब्यवसाय |
| ५. कुरिलो र च्याउको ब्याबसायिक खेतीको सम्भावना | - ब्यवसायिककरण गर्ने सम्भावना | - च्याउको खेती गर्ने तथा बढाउने<br>- कुरिलाको विकासले थप आय आर्जन हुने<br>- स्थायिनय सिपको प्रयोग हुने । |
| ६. चिया, सुठो, अम्रिसो, अलौची | - नगदेवालीको रुपमा विकास गर्न सकिने | - आयआर्जन बढ्ने ।<br>- भुक्षय रोकथाम हुने ।<br>- खाली जमिनको प्रयोग हुने । |

### ९.१.२ सामाजिक विकास

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| १. पर्यटक व्यवसायको लागि महत्वपूर्ण गन्तव्य स्थल | - ग्रामिण पर्यटन विकासमा प्रबर्द्धन हुने<br>- रोजगारीमा अभिवृद्धि गर्न सकिने | - जीवनस्तरमा सुधार गर्न सकिने<br>- आयमा अभिवृद्धि हुन सक्ने |
| २. भौगोलिक सुगमता | - पहुँचको दृष्टिले ज्यादै सुगम | - योजना कार्यान्वय सहज हुने ।<br>- कार्यक्रम अनुगमन तथा मुल्या□न र सुपरिवेक्षण गर्न सजिलो हुने |
| ३. राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको सहभागितामा वृद्धि | - सेवा सुविधामा पहुँच<br>- सामाजिक जागरण | - सामाजिक परिचालनमा वृद्धि<br>- स्वास्थ्य स्थितिमा सुधार<br>- सहकारीतामा वृद्धि |
| ४. निःशुल्क ताथ अनिवार्य प्राथमिक शिक्षाको सम्भावना | - सबैका लागि शिक्षा भन्ने प्रतिवद्धता पुरा हुने | - साक्षरता दरमा बृद्धि<br>- सबैमा प्राथमिक शिक्षाको अवसर प्राप्त हुनु । |

### ९.१.३ भौतिक पूर्वाधार विकास

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| १. भौगोलिक विकटता नभएको | - विकास निर्माणको हरेक क्षेत्रमा काम गर्न सजिलो । | - सडक, टेलिफोन, विद्युत, खानेपानी जस्ता पूर्वाधारको विकास |
| २. जलाधार क्षेत्रको विकाश गर्न सकिने र भूमिगत जल पर्याप्त हुनु । | - खानेपानी, सिंचाई र पर्यावरणीय सुधार | - खानेपानीको श्रोत उपयोग<br>- सिंचाईको लागि श्रोत उपयोग<br>- वनजंगलको उपयोग |

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| ३. गा.वि.सामा सडक, विद्युत, खानेपानी र टेलिफोन सेवा पुगेको | - विकासका सम्पूर्ण पूर्वाधारहरुको उपयोग गर्न सकिने । | - गा.वि.स.मा मोटरबाट पुग्न सकिने<br>- विद्युत टेलिफोन जस्ता सुविधाहरु भएको । |

### ९.१.४ वन, वातावरण तथा वस्ती विकास

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| ३. व्यवस्थित बस्ती बसाउन सकिने | - बढ्दो जनसंख्याको चापलाई प्रतिस्थापन र बसाईसाराइलाई सु-व्यवस्थित बसोबास गराई शहरी करणमा टेवा पुऱ्याउन सकिने | - उपलब्ध जग्गा जमिनको जानकारी प्रसारण गर्ने ।<br>- माग र अभिरुचि संकलन गर्ने<br>- मागको आधारमा प्राथमिकता क्रम निर्धारण गर्ने ।<br>- जग्गाको माग अनुसार अग्रिम धरौटी संकलन गर्ने । |

### ९.१.५. सस्थागत विकास र स्रोत परिचालन

| उपलब्ध अवसरहरु | उपयोगिता | उपयोगिताको विवरण |
|---|---|---|
| १. ऐतिहासिक कला, सस्कृति तथा पर्यटकीय स्थलको सम्पन्नता | - पर्यटन प्रबर्द्धन<br>- रोजगारीको सृजना | - कला सस्कृतिको संरक्षण र प्रबद्धन हुने<br>- स्रोत परिचालनमा बढोत्तरी दिने |
| २. स्रोत, सेवा र सुविधा को पहँच भएको | - सेवा प्रवाहमा प्रभावकारीता | - जनताले राम्रो सेवा समयमा नै पाउने र प्रतिक्रिया लिई सेवाको प्रभावकारीता बढाउने । |

| | | |
|---|---|---|
| ३. क्षेत्रफल र भौगोलिक बनावटको कारणले नमुना गा.वि.स. रुपमा विकास गर्न सकिने । | - नमुना गा.वि.स. बन्ने | - सामाजिक र आर्थिक पुर्वाधारको विकास |

स्रोत : आवधिक जिल्ला विकास योजना : भक्तपुर,( २०५९/६०– २०६३/६४ )

# परिशिष्ट

# गा.वि.स. को सङ्गठनात्मक संरचना

